नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४१३ *मिति :-* २०६३/१२/११ ९

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र
इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू एवं इजाजतप्राप्त निकायहरु ।

विषय :- **राहदानी वापतको सटही सुविधा सम्बन्धी व्यवस्था ।**

महाशय,

निजी तथा औपचारिक तवरले विदेश भ्रमणमा (भारत वाहेक) जाने नेपाली नागरिकलाई राहदानी वापत निम्नानुसार सटही प्रदान गर्न सकिने व्यबस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन,२०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. <u>राहदानी वापत सटही पाउने व्यक्ति</u> :

विदेश भ्रमणमा जाने नेपाली नागरिकहरूलाई नेपाल सरकारले जारी गरेको वैध राहदानी र कन्फर्म्ड हवाई टिकटको आधारमा तोकिएका बैंक/वित्तीय संस्था/इजाजतपत्रप्राप्त निकायहरूले सटही सुविधा दिनुपर्नेछ ।

२. <u>राहदानी सुविधा वापत पाउने सटही रकमः</u>

भारत वाहेक अन्य मुलुकहरुको भ्रमणमा जाने नेपाली नागरिकहरुले राहदानी वापत अधिकतम अमेरिकी डलर २,०००।- (दुईहजार) सम्मको सटही सुविधा पाउनेछन् ।

३. <u>स्थलमार्गबाट निजी भ्रमणमा जाँदा पाउने सटही सुविधा</u> :

स्थलमार्गबाट चीनको स्वशासित क्षेत्र तिब्बत (नियमानुसार सीमा ओहोर दोहोर गर्ने व्यक्तिहरू वाहेक) र सार्क मुलुकहरू (भारत वाहेक) मा निजी भ्रमणमा जाने व्यक्तिहरूलाई सम्बन्धित देशको प्रवेशाज्ञा (Visa) भएमा बढीमा अमेरिकी डलर १,०००।- (एकहजार) सम्मको सटही सुविधा उपलब्ध गराउन सकिनेछ ।

यसरी राहदानी वापतको सटही प्रदान गर्दा स्थलमार्गबाट भ्रमण गर्ने व्यक्तिहरु र सार्क देशहरु (भारतबाहेक) लगायत Entry Point मा प्रवेशाज्ञा दिने देशहरुमा भ्रमण गर्ने नेपाली नागरिकहरुको हकमा राहदानीमा Endorse गरी अधिकृतले दस्तखत र छाप समेत लगाउनु पर्ने ।

साथै, राहदानी वापतको सटही सुविधा प्रदान गर्दा नीजले अघिल्लो पटक सोही प्रकृया अन्तर्गत सटही सुविधा लिएर उद्देश्य बमोजिम विदेश यात्रा गरेको भएमा मात्र अर्को सटही सुविधा प्रदान गर्नुपर्ने ।

४. छुट्टै राहदानी नभएका केटाकेटीहरूले पाउने सटही सुविधा :

अलग्गै राहदानी नलिई अभिभावकको साथमा जाने केटाकेटीहरूलाई अधिकतम अमेरिकी डलर ५००।- (पाँचसय) सम्मको सटही दिन सकिनेछ ।

५. कन्फर्म्ड हवाई टिकटको व्याख्या :

कन्फर्म्ड हवाई टिकट भन्नाले नेपालदेखि नै हवाई मार्गबाट शुरु हुने यात्रा सम्बन्धी कन्फर्म्ड हवाई टिकटलाई मात्र जनाउँछ ।

६. सटही वापत नगदमा पाउने रकम :

सम्बन्धित बैंक/वित्तीय संस्था (इजाजतपत्रप्राप्त)/निकायहरूसँग रहेको नगद विदेशी मुद्राको संचितिलाई समेत दृष्टिगत गरी (क) बढीमा अमेरिकी डलर ५००।- (पाँचसय) सम्म नगदमा सटही उपलव्ध गराउन सकिनेछ । (ख) सो भन्दा बढीको नगद सटही दिनुपरेको खण्डमा औचित्यको आधारमा सम्बन्धित बैंक/वित्तीय संस्था/ इजाजतपत्रप्राप्त निकायको शाखा प्रमुखले स्वीकृति दिएमा त्यस्तो सटही प्रदान गर्न सकिनेछ ।

७. लिएको सटही सुविधा सञ्चित गर्न पाउने :

भ्रमणका लागि लिइएको सटही सुविधा अन्तर्गतको कुनै पनि रकम भ्रमण सकि वाँकी रहन गएमा अधिकतम अमेरिकी डलर १,००० (एकहजार) सम्म अर्को भ्रमणमा उपयोग गर्न सक्ने गरी आफैसँग राख्न सकिने छ । साथै, परिवर्त्य विदेशी मुद्राका खातावालाहरूले यसरी वाँकी रहन आएको रकम आफ्नै खातामा जम्मा गरी राख्न चाहेमा सो समेत गर्न सक्नेछन् ।

८. राहदानी वापत सटही सुविधा दिंदा अपनाउनुपर्ने अन्य प्रकियाहरू :

क) सटही सुविधा प्रदान गर्दा प्राप्त हुने हवाई टिकटको ज्याकेट (Front Cover) मा सटही गरेको विदेशी मुद्रा रकम स्पष्ट बुझिने गरी प्रोटेक्टोग्राफद्वारा अंकित गरी सोमा सम्बन्धित अधिकृतले दस्तखत गरी संस्थाको छाप समेत लगाउनु पर्नेछ ।

ख) विद्युतीय टिकट (Electronic Ticket) को हकमा निम्न अनुसारको प्रकृया अपनाउनु पर्नेछ ।

i) सम्वन्धित एयरलाइन्सले आफ्नै Letter Pad (Stationary) मा जारी गरिने E-Ticket को हकमा सोही कागजमा साविक बमोजिम प्रोटेक्टोग्राफद्वारा Endorse गर्ने ।

ii) Plain Paper मा जारी गरिने E-Ticket को हकमा सो टिकटलाई नेपालस्थित सम्वन्धित एयरलाइन्सको जि.एस.ए.ले प्रमाणित गरेको हुनुपर्नेछ र यसरी प्रमाणित भएको E-Ticket मा मात्र साविक बमोजिम प्रोटेक्टोग्राफद्वारा

Endorse गर्ने ।

ग) राहदानी बापतको सटही सुविधा प्रदान गर्दा यसैसाथ संलग्न नमूना अनुसारको निवेदन फारम भराएर लिनुपर्नेछ ।

घ) राहदानी सुविधा वापत सटही माग गर्न आउने निवेदकहरूवाट Confirmed Air Ticket को तेश्रो मुलुक उल्लेख भएको उडान कुपन तथा राहदानीको नाम ठेगाना र फोटो समेत भएको पृष्ठको छविचित्र (Photocopy) अनिवार्य रुपमा पेश गर्न लगाउनुपर्ने । ती छविचित्रहरू सक्कल प्रतिसँग भिडाई ठीक दुरुस्त भएमा मात्र सटही सुविधा दिने ।

९. <u>सटही प्रदान हुने संस्थाका शाखाहरू</u> :

राहदानी वापत प्रदान गरिने सटही सुविधा प्रदान गर्न बैंक/वित्तीय संस्था (इजाजतपत्रप्राप्त)/निकायका शाखाहरूबाट मात्र यस्तो सटही प्रदान गर्न मिल्नेछ ।

१०. राहदानी वापतको यस्तो सटही सुविधा सम्वन्धी कारोवारको विवरण निम्न वमोजिम यस बैंकमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(क) कारोवारको विवरण संलग्न ढाँचा अनुसार पेश गर्नु पर्नेछ,

(ख) आईतवारदेखि मंगलवारसम्मको कारोवारको विवरण वुधवार र वुधवारदेखि शनिवारसम्मको कारोवारको विवरण आईतवार पेश गर्नु पर्नेछ, र

(ग) लगातार २ हप्तासम्म उपरोक्त विवरण पेश नगर्ने बैंक/वित्तीय संस्था/इजाजतपत्रप्राप्त निकायलाई प्रदान गरिएको इजाजत रद्द हुन सक्नेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

(इ.प्रा. परिपत्र संख्या- ४१३ प्रयोजनको लागि)

मिति : ......................

श्री ...................................

..................................... ।

विषय :- राहदानी बापतको सटही सुविधा पाऊँ ।

महाशय,

म ........................................ मा करीब ...............................................को लागि
(देशको नाम) (अवधि उल्लेख गर्नुपर्ने)
भ्रमणमा जान लागेको हुँदा राहदानी बापतको नियमानुसार पाउने अमेरिकी डलर ......................... (अक्षरेपी अमेरिकी डलर ...................................................... मात्र) सटही सुविधाकोलाीग अनुरोध गर्दछु ।

साथै, मैले यस राहदानी बापत सटही लिएको एक महिना भित्र उद्देश्य बमोजिम विदेश यात्रा नगरेमा सो विदेशी मुद्रा बैंकमा दाखिला गर्नेछु । साथै, यस पटकको विदेश भ्रमणको लागि राहदानी बापतको सटही सुविधा अन्य कुनै पनि संस्थाबाट नलिएको व्यहोरा समेत अनुरोध गर्दछु । झुठा विवरण पेश गरी सटही लिएको ठहरेमा प्रचलित ऐन, कानून बमोजिम सजायँको भागीदार स्वयं हुनेछु ।

भवदीय,

.........................

दस्तखत

विवरण :-

राहदानी नं. ......................

पुरा नाम : .......................................

एयरलाइन्सको नाम : ......................

ठेगाना : ...................................

(क) हवाई टिकट नं.......................

फोन नम्वर : ...................................

(ख) हवाई टिकट नं.......................

राहदानी जारी गरेको मिति : ........................

उडान निश्चित भएको तारीख......................

राहदानी बहाली रहने मिति : ......................



(इ.प्रा. परिपत्र संख्या- ४१३ प्रयोजनको लागि)

..........     ............     ...........

........     .............   ........... **शाखा**

मिति :

| सि.नं. | मिति | नाम | पासपोर्ट नं. | टिकट नं. | जाने मुलुकको नाम | रकम (यु.एस.डलरमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

